**मिति २०८१/११/२९ गते बिहिबार, १७० औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. होली पर्वको शुभकामना।
२. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।
३. आय व्ययको विवरण सम्बन्धमा।
४. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
५. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धमा।
६. ठेक्काको म्याद थप सम्बन्धमा।
७. खाद्यवस्तुमा अप्राकृतिक रंङको प्रयोगमा प्रतिबन्ध गर्ने सम्बन्धमा।
८. अधुरा डिपबोरिङ संचालन सम्बन्धमा।
९. प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा। (वडा नं. ९)
१०. सरसफाई व्यवस्थापन शाखामा कार्यरत कर्मचारीहरुलाई जिम्मेवारी तोकि कामकाजमा लगाउने सम्बन्धमा।
११. गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत संचालन हुने योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा।
१२. वास प्लान निर्माण सम्बन्धमा।
१३. पानी ट्याङ्कर खरिद गर्ने सम्बन्धमा।
१४. योजना कार्यान्वयन सम्बन्धमा।
१५. यान्त्रिक साधनहरुको भाडादर निर्धारण सम्बन्धमा।
१६. भेरिएसन अर्डर (VO1) स्वीकृत सम्बन्धमा।
१७. विविध

**निर्णय नं. १**

फागु पुर्णिमा (होली पर्व) २०८१ को अवसरमा  सबै नगरवासीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै चाडपर्वलाई सभ्य तथा मर्यादित तरिकाले मनाउन सबै नगरवासीहरुमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को माघ महिनासम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च | पुँजीगत तर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,४२,७७,१८,०००।- | १,०२,७१,५५,००२.९४।- | ५६,८९,६५,४६२.९०।- (६२.९०%) | १७,९४,७६,२३५।- (१५.७४%) | |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको योजना तथा कार्यक्रम संचालन कार्यान्वयन र फरफारक कार्यविधि २०७४को दफा ७ बमोजिमको नगर उपप्रमुखज्यूको संयोजकत्वमा फागुन महिनासम्म अनुगमन गरिएका १८ वटा योजनाको  अनुगमन प्रतिवेदन नगरकार्यपालिका बैठक समक्ष प्रस्तुत गरियो।

**निर्णय नं. ५**

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरुलाई सहयोग गर्ने उद्देश्यले बेलायत सरकारको आर्थिक सहायतामा सञ्चालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) आगामी आ.व.२०८२/८३मा कार्यक्रम संचालनका लागि स्थानीय पूर्वाधार सहयोग  कार्यक्रम संचालन कार्यविधि २०८१ अनुरुप कार्यक्रममा सहभागी हुन मन्त्रालयको वेवलिङ्क मार्फत आशयपत्र पेस गर्ने निर्णय गरियो।

## निर्णय नं. ६

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौ संशोधन) नियमावली २०८०को नियम १२०,१२० क को आदेशअनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीक ो नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/16/079/080 | चार कोठे भवन मा.वि. बालविकास नयाँबजार वडा नं. १४ | राना ब्रदर्स कन्स्ट्रक्सन | २०८०।०२।१७ | २०८०।०३।३१ | २०८०।१२।१६ (पहिलो पटक म्याद थप) २०८१।०३।३१ (दोस्रो पटक म्याद थप) २०८१।११।२९ (तेस्रो पटक म्याद थप) |
| २ | NCB/WORKS/GSMC/09/080/081 | चमैसोतामा कल्भर्ट निर्माण, वडा नं. ५ फुलबारी टोलमा भत्केको कल्भर्ट निर्माण, वडा नं. ५ त्रिवेणी टोलदेखि नमुना टोल हवलदार टोल छिर्ने बाटोको ह्युमपाइप राखेको स्थानमा कल्भर्ट निर्माण, घोराही रोलवाङ स्वर्गद्वारी सडक अन्तर्गत साघुरो खोलामा कल्भर्ट तथा पक्की कुलो निर्माण, लख्वार निमबहादुर चौधरीको घर नजिक पक्की कुलो निर्माण, वडा नं. ६ बचाहामा कल्भर्ट निर्माण, ग्याविन जाली लगाउने र ह्युमपाइप साईफोन निर्माण | के.बी. जलजला सुनिल जे.भी. घोराही १५ | २०८१।०२।०६ | २०८१।१०।२८ | २०८२।०३।२० |
| ३ | NCB/WORKS/GSMC/43/079/080 | वडा नं. १५ जिल्ला प्रशासन कार्यालयदेखि जेष्ठ नागरिक भवन, दिपशिखा चोक, गुरुकुल स्कुलहुँदै रतनपुर चोकसम्म सडक स्तरउन्नती। | श्री अंशुमन निर्माण सेवा | २०८०।०७।२४ | २०८१।०३।३१ | २०८१।१२।२९ |
| ४ | NCB/WORKS/GSMC/17/080/081 | वडा नं. १५ आनन्दपुर टोल श्रीधर भण्डारीको घरदेखि पश्चिम यशोदा वलीको घरसम्म सडक स्तरउन्नती, रतनपुर पानी ट्याङ्कीदेखि सिद्धार्थ बोर्डिङहुँदै सुश्मा रोड जोडने सडक स्तरउनन्ती, स्वर्गद्वारी टायर रिसोलिङ सेन्टर पूर्वहुँदै खानेपानी बोरिङ घरसम्म र रत्नराम बन्जाडेको घरसम्म सडक नाला निर्माण। | प्रिज्मा एण्ड प्रासि कन्स्ट्रक्सन प्रा.लि. | २०८१।०५।२५ | २०८१।१२।०१ | २०८१।१२।३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | NCB/WORKS/GSMC/17/079/080 | घोराही ४ भैसाही चोकदेखि वडा नं. ४को वडा कार्यालयसम्म सडक पिच निर्माण | श्री केबि गुरुङ/जेके जे.भि. | २०८०।०२।०७ | २०८०।०३।३१ | २०८१।०३।३० पहिलो पटक म्याद थप २०८२।०३।३० दोस्रो पटक म्याद थप |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र संचालनमा रहेको होटेल, खाजाघर, मिठाई पसल, चटपटे पसल, सेकुवा पसल लगायतका खाद्य पदार्थ बिक्रि वितरण गर्ने होटल पसलहरुमा खाद्य नियमावली २०२७ अनुसार खाद्य पदार्थमा स्वीकृत प्राकृतिक रंग तोकिएको मापदण्ड बाहेक अन्य प्राकृतिक रंगको प्रयोग तथा कुनै पनि पकाएर खानुपर्ने खाद्य पदार्थमा Synthetic Food colour प्रयोगमा निषेध गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका विभिन्न वडाहरुमा जडान भएका अधुरा डिप बोरिङहरुलाई संचालन गर्न चालु आ.व. २०८१/८२को वार्षिक बजेट शीर्षक **विभिन्न वडाहरुमा पुराना डिप बोरिङ संचालन(मोटर भल्भ पाइपलाइन विस्तार लगायत....)**मा विनियोजित बजेटबाट खर्च हुनेगरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिलः**

| **सि.नं.** | **योजनाको नाम** | **योजना स्थल** | **अनुमानीत ल.ई.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सुनपुर डिपबोरिङ संचालन | वडा नं. ४ सुनपुर | ८,००,०००।- | |
| २ | मिलन टोल सिंचाई डिपबोरिङ जडान तथा संचालन | वडा नं. ५ मिलन टोल | ८,००,०००।- | |
| ३ | पश्चिम सेवा डिपबोरिङ जडान तथा संचालन | वडा नं. ८ पश्चिम सेवार | ६,००,०००।- | |
| ४ | भ्यूडर बाह्रकुने डिपबोरिङ जडान तथा संचालन | वडा नं. १२ | ३,००,०००।- | |
| ५ | ट्राफिक चोक डिपबोरिङ | वडा नं. १५ | ७,००,०००।- | |
| ६ | ओखरा डिपबोरिङ पाइपलाइन | वडा नं. १७ | २,००,०००।- | |
| ७ | घोराही ६ गुरगैंमा स्यालो ट्युवेल निर्माण (कृषि तथा पशुपंक्षी फर्म) | वडा नं. ६ | ४,००,०००।- | |
| ८ | गुरगैं डिपबोरिङ जडान तथा संचालन | वडा नं. ६ | ८,००,०००।- | |
| ९ | डाङढुडे डिपबोरिङ जडान तथा संचालन | वडा नं. २ | ८,००,०००।- | |

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमको स्थानमा रहेको जग्गाबाट ढुङ्गा, गिट्टी र वालुवाको दिगो एवं वातावरणमैत्री संकलन तथा उत्खनन कार्यका लागि रारा इञ्जिनियरीङ कन्सल्टेन्सी सुनिल स्मृति ४ रोल्पाले क्षेत्रफल र उत्खनन हुने परिमाण खुलाई घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१मा रहेको व्यवस्था बमोजिम पेश भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन(IEE) स्वीकृत गर्ने।

**तपसिलः**

**१.** घोराही उपमहानगरपालिका वडा नं. ९ बस्ने मोहनलाल वली र सबु शाहको नाममा दर्ता श्रेष्ता कायम रहेको साविक ढिकपुर ५/ख कि.नं. ८०२ र ४४६को निजि जग्गा क्षेत्रफल ७८२३।३९ र ६७७१।६६ वर्गमिटर ।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिका सरसफाई व्यवस्थापन शाखाबाट सरसफाई व्यवस्थापनको कार्य हुँदै आएकोमा मिति २०८१।१०।१० गतेदेखि निजि क्षेत्रको साझदारीबाट सरसफाई व्यवस्थापनको कार्य शुरु भएकोले सरसफाई व्यवस्थापन शाखामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई उहाँहरुको रोजाइलाई प्राथमिकता दिँदै देहाय बमोजिमको पदमा रहि कामकाजमा लगाउने निर्णय गरियो।

| सि.नं. | कर्मचारीको नाम थर | पद | जिम्मेवारी दिइएको पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्रसादु चौधरी | भारी सवारी चालक | नगरप्रहरी जवान | |
| २ | भद्र बहादुर सुनार | स्वीपर | नगरप्रहरी जवान | |
| ३ | तुल्सी चौधरी | स्वीपर | नगरप्रहरी जवान | |
| ४ | बिन्दु गुरुङ सार्की | स्वीपर | नगरप्रहरी जवान | |
| ५ | राधा विश्वकर्मा | स्वीपर | नगरप्रहरी जवान | |
| ६ | जुनी चौधरी | हेल्पर | नगरप्रहरी जवान | |
| ७ | हरि प्रसाद चौधरी | हेल्पर | नगरप्रहरी जवान | |
| ८ | थम्मन कामी | स्वीपर | कुचीकार | |
| ९ | पवन चौधरी | हेल्पर | हेल्पर चालक बारुणयन्त्र | |
| १० | राजु चौधरी | हलुका सवारी चालक | सवारी चालक बारुणयन्त्र | |
| ११ | कुसुम चौधरी | स्काभेटर चालक | स्काभेटर चालक | ल्याण्डफिल्ड साइट |
| १२ | विर बहादुर थापा | चौकीदार | चौकीदार | ल्याण्डफिल्ड साइट |
| १३ | लाल बहादुर बि.क. | हेभी सवारी चालक | स्वीपर | |

**निर्णय नं. ११**

गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२का लागि प्राप्त सशर्त पुँजीगत अनुदान रकम रु. ३ लाख विनियोजन भएकोमा उक्त कार्यक्रम संचालन भएका वडा नं. ५ र १८का वडाहरुमा गठित समूहहरुले विभिन्न मितिमा बैठक बसी गरेको निर्णय अनुसार तपसिल अनुसार योजना तथा कार्यक्रम संचालनका लागि स्वीकृती दिने।

**तपसिलः**

**वडा नं. ५मा संचालन हुने कार्यक्रमहरुः**

१. समूह लेखा व्यवस्थापन तालिम रु.३०,०००।—
२. कृषि बिउ बिजन वेमौसमी तरकारी रामपरे मकै वितरण। रु.७०,०००।—
३. बागेश्वरी समूहकी सदस्य पार्वती सार्कीको घरनेर खानेपानी कुवा। रु.५०,०००।—

**वडा नं. १८मा संचालन हुने योजनाः**

१. वडा नं. १८ मसिना टोल भरत थापाको घरदेखि तलको कुलोमा निर्माणाधीन अधुरो कल्भर्ट निर्माण। रु.१,५०,०००।-

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिकाको वास प्लान निर्माणका लागि आवश्यक तपसिल बमोजिमका दस्तावेजहरु निर्माणका लागि कार्यपालिका बैठकमा पेश गरियो। पेश भएका दस्तावेजहरु अध्ययन गरी आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो।

**तपसिलः**

१. सुरक्षित खानेपानी युक्त समुदाय घोषणा निर्देशिका २०८१
२. खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS)मार्गदर्शन २०८१
३. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१
४. खुल्ला दिसामुक्त अवस्थाको दिगोपन सम्बन्धी कार्यबिधि २०८१
५. खानेपानी गुणस्तर अनुगमन कार्यविधि २०८१
६. हात स्वच्छता सम्बन्धी कार्यविधि २०८१

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिका भित्र  रहेका बगैचा क्यारीहरुमा पानी सिंचाई गर्नका लागि आवश्यक १ वटा पानी टयाङ्कर खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका वडा नं. ८ ढिकपुर चोकदेखि वडा नं. ९को वडा कार्यालयसम्मको नाला सहित कालोपत्र गर्ने योजना अन्तर्गत वडा नं. ९ दिपक के.सी.को घरदेखि ९ नं. वडा कार्यालयसम्मको १०९ मिटर बाटो संघीय सरकारबाट निर्माण भईरहेको वडा नं. ९ एकलघरुवाहुँदै जाने बाटो कालोपत्रे योजनामा उक्त खण्ड दोहोरो पर्ने भएकोले उक्त १०९ मिटर सडक चैनपुर चोकदेखि मा.वि. ढिकपुरसम्म बाटोमा नाला निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकामा रहेका तपसिल बमोजिमका यान्त्रिक साधन ग्रेडर, रोलर, फोहर ढुवानीमा प्रयोग हुने कम्प्याक्टर र घुम्ती शौचालयको भाडादर तपसिल बमाजिम निर्धारण गर्ने निर्णय गरियो। कम्प्याक्टरको भाडा सम्बन्धमा भाडादर निर्धारण समितिले निर्धारण गरेको न्यूनतम भाडादरमा नघटनेगरी गाडी भाडामा दिनका लागि सूचना प्रकाशन गर्ने।

| सि.नं. | यान्त्रिक साधन | प्रतिघण्टा (भ्याटबाहेक) | कैफियत |
|---|---|---|---|
| १ | ग्रेडर | २,२१२।— (प्रतिघण्टा) | |
| २ | रोलर | १,६८१।- (प्रतिघण्टा) | |
| ३ | Garbage Compactor गाडी नं. रा १ ग ६२) | ७२,५००।- (प्रतिमहिना) | इन्धन, मर्मत संभार र चालकको तलबको व्यवस्था गाडी भाडामा लिने व्यक्ति वा संस्थाले गर्नुपर्नेछ। |
| ४ | Garbage Compactor गाडी नं. रा १ ग ४५, रा १ ग ४६ र रा १ ग ४७ | ४५,०००।-(प्रतिमहिना) | |
| ५ | घुम्ति शौचालय | १,५००।- (प्रतिदिन) | |

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिकाबाट १२ नं.वडा कार्यालय भवन निर्माणका लागि मिति २०८०।११।२७ गते हाइकु इन्फ्राटेक प्रा.लि. विच ठेक्का (NCB/WORKS/GSMC/07/080/081) सम्झौतामा कबोल ठेक्का रकम रु.१,२२,४९,७८८।०२ मा भ्याट सहित टेण्डर स्वीकृत भएकोमा हाल हाल उक्त योजना का लागि VO1 गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(५) बमोजिम गठित विशेषज्ञ समुहको सिफारिसमा मेजर आइटमहरु जस्तै Brick masonary, Plaster & Painting work आदि कार्यमा Quantity बढी हुन गएकोमा साथै नयाँ आइटम 15mm thick marble tile paving with 20mm thick cement sand mortar 1:2 rubbing & polishing work को आइटममा जिल्ला दररेटमा बोल कबोल अनुसार ३७.१६ प्रतिशत घटी गरी कार्यालय र निर्माण व्यवसायी विच रेट नेगोसियसनबाट रेट कायम गरी बोल कबोल रकममा १८ प्रतिशत भन्दा बढी नबढ्ने गरी विशेषज्ञ समूहको सिफारिसमा भेरिएसन अर्डर १ गरी Variation sheet मा उल्लेख भए अनुसार Original Contract Amout लाई Change Contract Amountको आधारमा सुधार गरी Revised Estimate, VO1 र Justification समेत यसै साथ संलग्न राखी शुरुको कबोल ठेक्का अंक रु.१,२५,७०,४९०।३५ भ्याट र कन्टेन्जेन्सी सहित टेण्डर स्वीकृत भएकोमा हाल १६.४ प्रतिशतले बढी रकम रु.१,४६,३१,६२३।३७ भ्याट र कन्टेन्जेन्सी सहितको भेरिएसन आदेश नं. १ (VO1) स्वीकृत गर्ने।

**निर्णय नं. १७**

**१७.१** प्रेस चौतारी नेपाल दाङ शाखाको दशौ जिल्ला अधिवेशन तथा स्थानीय तहको विकास र समृद्धिमा पत्रकारिताको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम संचालनका लागि आर्थिक सहयोग माग भई आएकोले प्रेस चौतारी नेपाल दाङ शाखालाई सहयोग स्वरुप अधिकतम रु.१,००,०००।—(एक लाख)सम्म कार्यक्रममा भएको खर्चको विल भर्पाई अनुसार सम्बन्धीत पार्टीलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१७.२** महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल दाङले घोराही उपमहानगरपालिकाको लैङ्गिक हिंसा नियन्त्रित नगर घोषणा कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्यका साथ नगरस्तरीय नागरिक तथा सरोकारवाला विच अन्तर्क्रिया कार्यक्रम संचालनकालागि आर्थिक सहयोग माग भई आएकोले सञ्जाल दाङलाई कार्यक्रम गर्न हल भाडा र सहभागीहरुका लागि खाजा खर्च वापतको रकम अधिकतम रु.२५,०००।—सम्म विल अनुसार घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी सहयोग उपलब्ध गराउने।

**१७.३** घोराही उपमहानगरपालिका वडा नं. १९ बस्ने राम बहादुर रागु मगरको आगोमा परि बाँया खुट्टा जलि बुद्ध अस्पताल घोराहीमा उपचार गराइरहुनु भएको र उहाँको परिवारको आर्थिक अवस्था कमजोर रहेकोले उपचार खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १९ नं. वडा कार्यालयको च.नं. ५८१ मिति २०८१।१०।२३ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१७.४** घोराही उपमहानगरपालिका वडा नं. १४ बस्ने दिलिप कसौधनको दुवै मृगौला फेल भई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा औषधी उपचार गराइरहनुभएको, उहाँको परिवारको आर्थिक अवस्था कमजोर भएका कारण औषधी उपचारमा समस्या भएकोले उहाँलाई उपचारमा आर्थिक सहयोग गरिदिनुहुन भनि १४ नं. वडा कार्यालयको च.नं. १३१६, मिति २०८१।१०।२२ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.८,०००।—सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१७.५** घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका विभिन्न वडामा बस्ने नागरिकहरुको मृत्यु भएको, मृतकको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले किरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि सम्बन्धीत वडाबाट सिफारिस समेत प्राप्त भएकोले सम्बन्धीत परिवारलाई प्रतिपरिवार सहयोग स्वरुप रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**तपसिलः**

१. रामी चौधरी, घोराही उपमहानगरपालिका, वडा नं. १७
२. चैनु चौधरी, घोराही उपमहानगरपालिका, वडा नं. ९
३. विर बहादुर बि.क., घोराही उपमहानगरपालिका, वडा नं. १०
४. मान बहादुर बि.क., घोराही उपमहानगरपालिका, वडा नं. ५

**१७.६** गोरक्ष पात्रदेवता श्री सिद्धरत्ननाथ देवीपाटन महायात्रा व्यवस्थापन तथा सञ्चालन समिति २०८१लाई गोरक्ष पात्रदेवता श्री सिद्धरत्ननाथ देवी पाटन महायात्रा कार्यक्रमका लागि सहयोग स्वरुप रकम रु.५०,०००।— (पचास हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१७.७** खुम बहादुर खड्का स्मृति चौथो पुरुष भलिबल प्रतियोगिता २०८१ संचालनका लागि खुम बहादुर खड्का समाज विकास समिति घोराही दाङलाई आर्थिक सहयोग स्वरुप खर्च भएको विल भर्पाइको आधारमा रकम रु.२०,०००।—(विस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१७.८** जिल्ला प्रहरी कार्यालय कार्य शाखा घोराही दाङको प्रहरी कर्मचारी बस्ने व्यारेक भवन निर्माणका लागि अधिकतम रु.१,५०,०००।—(एक लाख पचास हजार)सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुनेगरी निर्माणको भुक्तानी दिने।

**१७.९** प्राज्ञिक विद्यार्थी परिषद नेपालबाट दशौं राष्ट्रिय अधिवेशनका लागि आर्थिक सहयोग माग भई आएकोले परिषदलाई सहयोग स्वरुप अधिकतम रकम रु.१०,०००।— सम्म अधिवेशनमा भएको खर्चको विल अनुसार सम्बन्धीत पार्टीलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१७.१०** त्रिभुवन विश्वविद्यालय केन्द्रिय विभाग वातावरण विज्ञान चौथो वर्षमा अध्ययनरत छात्रा पूर्णिमा रेग्मीले (TU Registration No. 5-2-37-838-2017) Air pollution tolerance index of plant species around ghorahi cement factory in Dang Nepal शीर्षकमा वडा नं. ४ मा रहेको सिमेन्ट फ्याक्ट्रीमा शोधकार्यका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले उहाँलाई अध्ययन अनुसन्धानका लागि रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।